फोन.नः ०४८-५४०११२
०४८-५४०५९८

मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली,रामेछाप
बागमती प्रदेश,नेपाल

प.सं.२०७९/ ८०
च.नं.

मितिः-२०७९/०६/२५

## तेश्रो पटक सूचना प्रकाशित मिति : २०७९/०६/२५ गते

मन्थली नगरपालिका पशु सेवा शाखाको आ.व. २०७९/८० को स्विकृत वार्षिक कार्यक्रम अनुसार दुधमा आत्मनिर्भर कार्यक्रम अन्तर्गत **(सुत्केरी भैसीलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदानमा उपलव्ध गराउने)** कार्यक्रम रहेको हुदा मिति २०७९/०५/२४ गते प्रथम पटक र मिति २०७९/०६/०७ गते देश्रो पटक प्रकाशित सूचनाको समयावधि भित्र प्रयाप्त आवेदन प्रस्तावहरु पेश हुन नआएको हुदा पुन: यो तेश्रो पटक सूचना प्रकाशित गरिएको छ । यस मन्थली नगरपालिका भित्र स्थायी वसोवास गर्ने दुध उत्पादन गरि बिक्रि गर्ने कृषक/ व्यावसायिक भैसिपालन फार्म/कृषक समुह/ कृषि सहकारिहरुका लागि **गाई भैसीलाई सुत्केरी पशु आहारा भत्ता अनुदान कार्यक्रम संन्चालन कार्यविधि २०७३ को अधिनमा रहि १६० गोटा** भैसीहरुलाई सुत्केरी स्याहार प्रोत्साहन भत्ता अनुदान उपलव्ध गराउने कार्यक्रम रहेको हुदा **मिति २०७९/०४/०१ गते देखि यस सूचनाको अन्तिम समयावधि भित्र सुत्केरि भएका भैसिहरुका लागि मात्र** यस मन्थली नगरपालिकाको पशु सेवा शाखामा तपसिलका विवरण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मिति २०७९/०६/३१ गते) भित्र आवश्यक सम्पुर्ण कागजातहरु सहित प्रस्ताव पत्र पेश गर्नु हुन पुन: जानकारी गराईन्छ । मापदण्ड नपुगेका र म्याद पछि प्राप्त भएका, र बढिमा ३ माउ भैसी भन्दा बढि संख्यामा प्राप्त भएका प्रस्तावहरु छनोट प्रक्रियामा समावेश गरिने छैन ।

<u>तपसिल</u>

१) तोकिए अनुसारको ढांचामा निवेदन पत्र ।

२) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

३) सम्बन्धित भैसी धनी कृषकको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

४) मान्यता प्राप्त पशु बिमा कम्पनि बाट भैसि बिमा गराएको पोलिसिको प्रतिलिपी ।

५) सुत्केरी भएको भैसीको (माऊ पाडा वा पाडी सहितको) फोटो थान १ ।

विस्तृत जानकारीको लागी मन्थली नगरपालिका, पशु सेवा शाखा मन्थली रामेछापमा सम्पर्क राख्नु होला ।

**प्रमुख प्रशासकीय अधिकृत**